# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ
५ नं.प्रदेश नेपाल

## नदीजन्य पदार्थ उत्खनन्,संकलन,घाटगद्दी तथा विक्रि सम्वन्धी सिलवन्दी वोलपत्र /दरभाउपत्र आव्हानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०७६।५।२८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को ३ (१) ३ (२) ३ (घ) ३ (ट) समेतमा भएको व्यवस्था राजपुर गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदीजन्य पदाथ ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ वमोजिम देहायका शीर्षकहरुमा राजश्व असुली  सम्वन्धी काम आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पूरा गरेका योग्य फर्महरुले वोलपत्र/दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी वोलपत्र/दरभाउपत्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ । वोलपत्र/दरभाउपत्र दाखिला गर्नु अगावै सम्वन्धित वोलापत्र/दरभाउपत्रदाताले उत्खनन् गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र वोलपत्र/दरभाउपत्र दाखिला गर्नु पर्नेछ । पछि परिमाणमा कमी आएको भनी कुनै किसिमको दावी गर्न पाइनेछैन । वोलपत्र खोलिने समयमा वोलपत्रदाता स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित हुनु पर्नेछ र वोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्नेछैन । अन्य थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

आन्तरिक आय ठेक्का विवरण

| ठेक्का नं. | नदी खोलाको विवरण | परिमाण घन फिटमा | विकि मूल्य, घ.फि. | न्यूनतम कवोल गर्नु पर्ने रकम | वोलपत्र /दरभाउ पत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|---|---|
| १/०७६/७७ | खरदरिया घाट | ७,३०,२९६.०० | ६।– | ४३,८१,७७६.०० | ३००० | " " |
| २/०७६/७७ | फोहरा घाट | ४,९५,६८४.०० | ६।– | २९,७४,१०४।०० | ३००० | " " |
| ३/०७६/७७ | महतिनियाखोला दोभान | १,९०,५१२.०० | ६।– | ११,४३,०७२.०० | १००० | मू.अ.कर सहित कूल कवोल अंकको ५% ले हुन आउने रकम वा कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ४/०७६/७७ | माररीखोला | १,७३,५७७.६० | ६।– | १०,४१,४६५.६० | १००० | " " |
| ५/०७६/७७ | राजपुरखोला दोभान | १,००,५४८.०० | ६।– | ६,०३,२८८.०० | १००० | " " |
| ६/०७६/७७ | गंगदीखोला | ७७,७२१.८४ | ६।– | ४,६६,३३१.०४ | १००० | " " |
| ७/०७६/७७ | गुरुङखोला | ७७१५७.३६ | ६।– | ४,६२,९४४.१६ | १००० | " " |
| ८/०७६/७७ | मुग्रेठाखोला | ६६,६७९.२० | ६।– | ४,००,०७५.२० | १००० | " " |
| ९/०७६/७७ | करंगाखोला | २३,१४३.६८ | ६।– | १,३८,८६२.०८ | १००० | " " |
| | जम्मा | १९,३५,३१९.६८ | – | १,१६,११,९१८।०८ | | |

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

ठेक्का सम्बन्धी शर्तहरु:-

१) माथि उल्लेखित ठेक्काहरुको लागि सूचना बमोजिमका घाटहरुको छुट्टाछुट्टै बोलपत्र/दरभाउपत्र फाराम खरिद गरी भरी सिलबन्दी रुपमा छुट्टाछुट्टै दाखिला गर्नु पर्नेछ ।

२) ठेक्का अवधि सम्झौता पत्रमा उल्लेख भए बमोजिम बढीमा २०७७ साल जेष्ठ मसान्त सम्म रहनेछ । ठेक्कामा माल सामानको परिमाण यकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्रि निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का संझौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रवाट सामग्री उत्खनन् गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री बिक्रि तथा निकासी गर्न पाईनेछ ।

३) माथि उल्लेखित सवै ठेक्काहरु कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३%) राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) धरौटी बापत कबोल गरेको अंकको ५% रकम यस राजपुर गाउपालिका दाङको एन.सि.आई एसिया बैंक राजपुर ५ जंग्रहवा स्थित बैंक धरौटी खाता नं.५१CA०५१०००४५२४०१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट क्रमस १२० र ७५ दिन सम्म म्याद भएको बैंक जमानत (बिड बन्डको सक्कल प्रति) बोलपत्र/दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरी सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरीनेछ ।

५) बोलपत्र/दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको लेखा शाखामा नगद बुझाएको रसिद, आ.व.२०७६।०७७ सम्ममा फर्म, कम्पनी,संस्थाको नवीकरण भएको व्यवसाय दर्ताको प्रमाण पत्र र स्थायी लेखा प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित खरिद गर्नु पर्नेछ ।

६)कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएको बोलपत्र/दरभाउपत्र फिर्ता तथा संशोधन हुने छैन ।

७) कारण जनाई वा नजनाई बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुक्षित रहनेछ ।

८) बोलपत्र/दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगि आएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९) ठेक्कामा कुनै विवाद भएमा राजपुर गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०) उपरोक्त ठेक्का नं. १ र २ को सूचना प्रकासित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोहि दिनको २.०० बजे राजपुर गाउपालिका गाउ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११) उपरोक्त ठेक्का नं. ३,४,५,६,७,८,र ९ को लागि सूचना प्रकासित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी १६ औं दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र बुझाउनु पर्नेछ । प्राप्त दरभाउपत्र सोहि दिन दिनको २.०० वजे राजपुर गाउपालिका गाउ कार्यपालिकाको कार्यालयमा खोलिनेछ

१२) बोलपत्र/दरभाउपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमस सोको भोलिपल्ट सोहि समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरीनेछ ।

१३) यस सूचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र/दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्त हरुका प्रत्येक वुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४) यस सूचना तथा बोलपत्र/दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्र/दरभाउपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन ।

१५) अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु :-**

१) ठेकेदारले ठेक्का संझौता गर्न आउदा कबोल अंकको पुरा रकम, १३% मूल्य अभिवृद्धि कर र १.५% अग्रिम आयकर बापतको हुन आउने रकम एकमुष्ट जम्मा गरी संझौता गर्नु पर्नेछ । किस्ता बन्दीमा रकम बुझाउने संझौता गरेमा पहिलो किस्ता सम्झौता गर्दाका वखत कुल कबोल अंकको ७५% र बाँकी २५% ले हुन आउने रकम सम्झौता अवधिको आधा अवधि भित्र बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र बाकि किस्ताको हकमा सम्झौता अवधि सम्मको परफरमेन्स बन्ड बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ

२) दैनिक २५० घ.मि.भन्दा बढी संकलन गर्न पाइने छैन ।

३) म्भउयकष्त भएको नदीजन्य पदार्थ नदी/खोलाको तोकेको अजबललर्भा क्षेत्रमा रहेको डिपोजिटबाट मात्र संकलन गर्ने, संकलन गर्ने स्थानको चौहदी प्रष्टसँग देखिन गरी मार्क (चिन्ह) लगाउनु पर्ने, नदीजन्य प्रदार्थ सककलनको घाटगद्दी क्षेत्र तोकी सोही घाटगद्दीबाट मात्र खोला/नदी क्षेत्र बाहिर नदीजन्य पदार्थ ढुवानी गराउनु पर्ने ।

४) नदीजन्य पदार्थहरुको घाटगद्दी, ओसार पसार प्रयोग सम्बन्धमा प्रदेश नं ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ अनुसार गर्नु पर्ने ।

५). नदी/खोलाको दुवै किनारामा चौडाईको १/३ भाग छाडी बीचको क्षेत्रमा संकलन उत्खननको

६) उत्खनन्/संकलन कार्य कामदारहरुबाट घरेलु उपकरणहरुबाट बाट मात्र प्रयोग गरी गर्नु पर्नेछ ।

७) बिहान सूर्योदय भन्दा अगाडि र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले नदी खोला तथा घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गरीएका सवारी साधनहरुलाई कानून बमोजिम कारवाहि हुनेछ

८)गाउँपालिकाबाट प्रमाणित गरी संकलन गरीएका नगदी रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँ कार्यपालिकाको कार्यालयमा जम्मा गर्नु पर्नेछ । उक्त नगदी रसिद संगै नदिजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नु पर्नेछ ।

९) ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै दररेट सहितको साईनबोर्ड सबैले देख्ने गरी सम्बन्धीत केन्द्रमा राखिएको हुनुपर्नेछ ।

१०) कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्र/दरभाउपत्रलाई मात्र मान्यता दिईनेछ ।

११) यस कार्यालयमा पेश हुन आएका बोलपत्र/दरभाउपत्र कार्यालयका प्रतिनिधि,एवं बोलपत्र/दभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्र/दभाउपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

१२)उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहको हकमा प्रचलित नेपाल कानून तथा ठेक्का स्वीकृत पाश्चात गरीने सम्झौता अनुसार हुनेछ ।

१३) अन्य बिस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत